नेपाल सरकार
Government of Nepal

माननीय सिता बादी
मन्त्री
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

Hon'ble Sita Badi
Minister
Ministry of Women, Children, Gender and Sexual Minorities and Social Security
Singhadurbar, Kathmandu, Nepal

च.नं.
Ref. No.

# शुभकामना

ज्येष्ठ नागरिक राज्यका आदर्श तथा समाजका आधारस्तम्भ हुन। ज्येष्ठ नागरिकमा भएको ज्ञान, सिप, अनुभव र विज्ञतालाई नवपुस्तामा पुस्तान्तरण गरी देश विकासमा सदुपयोग गर्न पाउनु राज्यका लागि अवसर हो। नेपालको संविधानमा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण र सामाजिक सुरक्षाको प्रत्याभूत हुने गरी मौलिक हकको व्यवस्था गरिएको छ। ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षाको प्रत्याभूति गर्दै उहाँहरूमा भएको ज्ञान, सिप र क्षमताको सदुपयोग गरी श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकारले ज्येष्ठ नागरिक सम्वन्धी ऐन,२०६३ कार्यान्वयन गरिरहेको छ। साथै, ज्येष्ठ नागरिकको संरक्षण तथा ज्येष्ठ नागरिकमाथि हुने दुर्व्यवहार विरुद्धका अन्तर्राष्ट्रिय प्रयासहरूमा नेपाल सरकारले प्रतिबद्धता जनाएको छ।

अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दुर्व्यवहार रोकथाम सञ्जाल (INPEA) को पहलमा सन् २००६ देखि प्रत्येक वर्षको जुन १५ लाई ज्येष्ठ नागरिक दुर्व्यवहार विरुद्धको विश्व चेतना दिवसको सन्दर्भमा कार्यक्रम मनाउदै आएको छ। यस वर्षको दिवसको अन्तर्राष्ट्रिय नारा "Beyond Awareness: Making Elder Abuse Prevention Work" को आधारमा मन्त्रालयद्धारा तय गरिएको "दुर्व्यवहार विरुद्ध सचेतनाको अभिवृद्धि: ज्येष्ठ नागरिकका लागि खुशी र समृद्धि" भन्ने राष्ट्रिय नाराका साथ ज्येष्ठ नागरिकप्रति हुने दुर्व्यवहार विरुद्धको २१ औं विश्व चेतना दिवस विभिन्न कार्यक्रम गरी आज हामी मनाउदै छौ। यस अवसरमा दुर्व्यवहार विरुद्ध सचेतना अभिवृद्धि गर्दै ज्येष्ठ नागरिकको जीवनमा खुशी र समृद्धि ल्याउने कार्यक्रम संचालन गर्न म तीनै तहका सरकार तथा सरोकारवालामा हार्दिक अपिल गर्दछु।

अन्तमा अनुपम ज्ञान, सिप र अनुभव संगालेका सम्पूर्ण ज्येष्ठ नागरिकप्रति सम्मान व्यक्त गर्दै ज्येष्ठ नागरिकप्रति हुने दुर्व्यवहार विरुद्धको २१ औं विश्व चेतना दिवसको शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।
२०८३/०३/०१

सिता वादी
मा. सिता बादी
मन्त्री